# नेपाल सरकार

# ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

मन्त्रालयबाट स्वीकृत मितिः २०७८/०१/१३

पहिलो संशोधन मिति : २०८१/१०/२८

## ग्रीड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना** : ग्रीड कनेक्टेड वैकल्पिक विद्युत उत्पादन आयोजनाहरु तथा यससँग सम्बन्धित प्रसारण लाइनलाई राष्ट्रिय ग्रीडमा जोड्न सरल, सहज र पारदर्शी तुल्याई प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएकोले विद्युत नियमावली, २०५० को नियम ९४ (क) ले दिएको अधिकार प्रयोग गरी ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

(१) यस कार्यविधिको नाम "ग्रीड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधी वैकल्पिक विद्युत विकास तथा नियमनसँग सम्बन्धित काम कारवाही र निर्णय प्रक्रियामा लागु हुनेछ।

(३) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागु हुनेछ।

२. <u>परिभाषाः</u>

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "आयोजना" भन्नाले वैकल्पिक विद्युत उत्पादन वा प्रसारण सम्बन्धी आयोजना सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले ग्रीड कनेक्टेड वैकल्पिक विद्युत विकास सम्बन्धी कार्यविधि, २०७८ सम्झनु पर्छ।

नेपाल सरकार
ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

(ग) "केन्द्र" भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ ।

(घ) "घरेलु सौर्य प्रणाली" भन्नाले कुनै व्यक्ति तथा संस्थाले आफ्नो उपयोगका लागि आफ्नो परिसरमा जडान गरेको सौर्य विद्युत प्रणालीलाई सम्झनु पर्छ।

(ङ) "निर्देशिका" भन्नाले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (संशोधन सहित) सम्झनुपर्छ ।

(च) "नियमावली" भन्नाले विद्युत नियमावली, २०५० सम्झनु पर्छ ।

(छ) "नेट मिटरिङ्ग" भन्नाले प्राधिकरणले प्रवर्द्धकलाई दिएको विद्युत र प्रवर्द्धकले प्राधिकरणलाई दिएको विद्युतको फरक सम्झनु पर्छ ।

(ज) "प्रवर्द्धक" भन्नाले प्रचलित कानून बमोजिम कुनै वैकल्पिक विद्युतको सर्वेक्षण, उत्पादन तथा यससँग सम्बन्धित प्रसारण अनुमतिपत्रका लागि दरखास्त दिएका वा अनुमतिपत्र प्राप्त गरेका व्यक्ति वा संस्थालाई सम्झनु पर्छ ।

(झ) "प्राधिकरण" भन्नाले नेपाल विद्युत प्राधिकरण सम्झनु पर्छ ।

(ञ) "विभाग" भन्नाले विद्युत विकास विभाग सम्झनु पर्छ ।

(ट) "वैकल्पिक विद्युत" भन्नाले सौर्य, वायु, जैविक ऊर्जा (बायोमास तथा बायोग्यास), हाइड्रोजन प्रविधि, चुम्बकीय प्रविधि, भूतापीय प्रविधि वा अन्य वैकल्पिक प्रविधिबाट उत्पादित विद्युतलाई सम्झनु पर्छ ।

(ठ) "मन्त्रालय" भन्नाले ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय सम्झनु पर्छ ।

## ३. <u>१ मेगावाट सम्म जडितं क्षमताका वैकल्पिक विद्युत आयोजना सम्बन्धमाः</u>

(क) वैकल्पिक विद्युतलाई राष्ट्रिय ग्रीडमा जडान गर्न इच्छुक प्रवर्द्धकले प्राधिकरणमा निवेदन दिनु पर्नेछ ।

(ख) राष्ट्रिय ग्रीडमा आवद्ध हुन चाहने प्रवर्द्धकले प्राधिकरणमा निवेदन पेश गर्दा निजले कानून बमोजिम अधिकार प्राप्त निकायको विद्युत उत्पादनको अनुमतिपत्र प्राप्त गरेको हुनु पर्नेछ। तर, घरेलु सौर्य प्रणालीबाट उत्पादित सौर्य विद्युतको नेट मिटरिङ्ग गर्दा विद्युत उत्पादनको अनुमतिपत्र आवश्यक पर्ने छैन ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
नेपाल सरकार
२०७४

## ४. १ मेगावाट भन्दा बढी जडित क्षमताका वैकल्पिक विद्युत आयोजना सम्बन्धमा:

(क) वैकल्पिक विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्राप्त गर्न प्रवर्द्धकले नियमावली तथा निर्देशिकामा तोकिए बमोजिमको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(ख) सर्वेक्षण अध्ययनको लागि एक वर्षको समयावधी दिइनेछ । उक्त समयसम्म आयोजनाको अध्ययन सम्पन्न हुन नसकेमा कार्य प्रगति र औचित्यको आधारमा सर्वेक्षण अनुमतिपत्रको म्याद नविकरण गर्न सकिनेछ ।

(ग) उत्पादन तथा प्रसारण अनुमतिपत्र सम्बन्धी व्यवस्था:

(अ) वैकल्पिक विद्युत उत्पादन तथा प्रसारण गर्न प्रवर्द्धकले नियमावली तथा निर्देशिकामा तोकिए बमोजिमको ढाँचामा सर्वेक्षण अनुमतिपत्रको अवधि समाप्त हुनु अगावै विभागमा निवेदन दिनु पर्नेछ ।

आ) प्रवर्द्धकले वैकल्पिक विद्युत प्रसारण लाइनको टावर / पोल निर्माण गर्न आवश्यक जग्गा प्रचलित कानून बमोजिम प्राप्त गर्नुपर्ने र विद्युतीय मार्गको अधिकार (Right of Way) को लागि मुआव्जा वितरण गरी जग्गा प्रयोग गर्नुपर्नेछ । तर सरकारी जग्गाको हकमा प्रचलित कानून बमोजिम लिजमा लिनु पर्नेछ ।

(इ) आयोजनाको उत्पादन अनुमतिपत्रको अवधि २५ वर्षको हुनेछ । सो अवधि समाप्त हुनु भन्दा अगावै प्रवर्द्धकले उत्पादन अनुमतिपत्रको अवधि नवीकरण गर्न चाहेमा विभागमा निवेदन दिन सक्नेछ।

(ई) आयोजनाले उत्पादन अनुमतिपत्र प्राप्त गरेपछि ६ महिना भित्र निर्माण कार्य शुरु गरी, दुई वर्ष भित्रमा निर्माण सम्पन्न गरी विद्युत उत्पादन शुरु गरिसकेको हुनु पर्नेछ । कुनै कारणले सो अवधि भित्र आयोजना सम्पन्न हुन नसकेको स्थितिमा सम्पन्न हुन नसकेको स्पष्ट कारण सहित विभागमा निवेदन दिनु पर्नेछ ।

(उ) उत्पादन अनुमतिपत्रको अवधि समाप्त भए पछि वातावरणमा प्रतिकुल असर नपर्ने गरी आयोजनामा जडान भएका सम्पूर्ण उपकरण तथा पार्ट पुर्जाहरुको उचित व्यवस्थापन प्रवर्द्धकले गर्नु पर्नेछ । तर वैकल्पिक विद्युत प्रसारण संरचना र सोले चर्चेको जग्गासहित नेपाल सरकारलाई हस्तान्तरण गर्नु पर्नेछ।

५. सौर्य विद्युत सम्बन्धी थप व्यवस्था:

+(क) एक मेगावाट भन्दा बढी जडित क्षमताका सौर्य विद्युत आयोजनाको विद्युत सर्वेक्षण र निर्माण गर्न प्रवर्द्धकले नियमावली तथा निर्देशिकामा तोके बमोजिमको ढाँचामा विभागमा निवेदन दिनुपर्नेछ। प्रस्तावित क्षेत्रमा सौर्य विद्युत आयोजना विकास निर्माण गर्न हुने भनी सम्बन्धित वडा वा स्थानीय तहको सिफारिश पत्र र निकुन्ज तथा आरक्षण क्षेत्रको हकमा वन तथा वातावरण मन्त्रालयको सिफारिस पत्र प्रवर्द्धकले पेश गर्नु पर्नेछ।

(ख) प्रवर्द्धकले घरेलु सौर्य प्रणालीबाट उत्पादित विद्युत नेट मिटरिङ्ग गर्न चाहेमा प्राधिकरणमा निवेदन दिनु पर्नेछ । घरेलु सौर्य प्रणालीले राष्ट्रिय ग्रिड प्रणालीबाट लिएको ऊर्जा भन्दा ग्रिड प्रणालीमा दिएको ऊर्जा बढी भएमा बढी भएको ऊर्जाको दर दफा ६ (२) बमोजिम प्राधिकरणले भुक्तानी गर्नेछ । तर, घरेलु सौर्य प्रणालीले राष्ट्रिय ग्रिड प्रणालीवाट लिएको ऊर्जा भन्दा ग्रिड प्रणालीमा दिएको ऊर्जा कम भएमा कम भएको ऊर्जाको दर आयोगले ग्राहकवर्गका लागि तोके बमोजिम प्रवर्द्धकले प्राधिकरणलाई भुक्तानी गर्नुपर्नेछ । मिटरिङ्ग सम्बन्धी व्यवस्था प्राधिकरणबाट तोकिए बमोजिम हुनेछ ।

६. विद्युत खरिद सम्बन्धी व्यवस्था:

(१) प्राधिकरणबाट खरिद गरिने वैकल्पिक विद्युतको खरिद दर नेपाली मुद्रामा गरिनेछ ।

(२) आयोजनाबाट खरिद गरिने वैकल्पिक विद्युतको खरिद दर विद्युत नियमन आयोगले तोके बमोजिम हुनेछ । वैकल्पिक विद्युतको प्रविधि अनुसार विद्युत खरिद दर फरक फरक हुन सक्नेछ ।

तर आयोगले जारी गरेको "विद्युत खरिद बिक्री तथा अनुमतिपत्र प्राप्त व्यक्तिले पालना गर्नुपर्ने शर्त सम्बन्धी विनियमावली, २०७६" कायम रहेसम्म सोही विनियमावलीको विनियम ७ को उपविनियम (५) मा उल्लेखित दर नै कायम रहनेछ ।

(क) विद्युतको खरिद दर निर्धारण गर्दा आयोजनाको लागत (project cost ), ऋणको व्याजदर (loan interest), ह्रासकट्टी (depreciation), स्वलगानीमा प्रतिफल (ROE), साधारण खर्च (general expenses), संचालन खर्च (operation cost ), मर्मत खर्च (maintenance cost), आम्दानी ( revenue), कर (tax), थप पुँजी (additional capitalization), ऋण र पुँजीको अनुपात (loan and equity ratio), उपकरणको लागत (equipment cost ), ब्याट्री संचित क्षमता आदिलाई आधार लिन सकिनेछ ।

+ पहिलो संशोधनद्वारा संशोधित

(ख) वैकल्पिक विद्युत आयोजनाको लागत निकाल्दा जग्गाको हकमा आयोजनाले चर्चेको जग्गाको (प्रशारण लाइन बाहेक) प्रचलित भाडा दरलाई आधार लिनु पर्नेछ ।

७. <u>अनुमतिपत्र दस्तुर सम्बन्धी व्यवस्था:</u> अनुमतिपत्र दस्तुर सम्बन्धी व्यवस्था प्रचलित कानून अनुसार हुनेछ ।

८. <u>कर तथा अन्य छुट / सुविधा सम्बन्धी व्यवस्था:</u> कर, भन्सार तथा मूल्य अभिवृद्धि कर छुट लगायत अन्य छुट तथा सुविधाहरु प्रचलित कानून अनुसार हुनेछन् ।

९. <u>आयोजनाको लागि जग्गा तथा अन्य पूर्वाधार सम्बन्धी व्यवस्था :</u> आयोजनाको लागि आवश्यक जग्गा, बाटो, विद्युत जडान बिन्दुसम्म प्रसारण लाईन आदिको व्यवस्था प्रवर्द्धकले आफै गर्नु पर्नेछ । सरकारी जग्गाको हकमा संघ, सम्बन्धीत प्रदेश तथा स्थानीय तहबीच आवश्यकता अनुसार समन्वय र सहजिकरण गरिनेछ ।

१०. <u>कर तथा रोयल्टी सम्बन्धी व्यवस्था:</u> प्रचलित कानूनमा भएको व्यवस्था अनुसार वैकल्पिक विद्युतमा रोयल्टी एवं अन्यकर लाग्नेछन् ।

११. <u>विविध :</u>

(१) सव स्टेशनमा सम्भव भए सम्म **Connection Bay** का लागि आवश्यक ठाउँ प्राधिकरणले निशुल्क उपलब्ध गराउनेछ ।

(२) राष्ट्रिय ग्रिडमा कूल जडित क्षमताको १०% सम्म वैकल्पिक विद्युत जडान गर्न विद्युत खरिद सम्झौता गरिनेछ ।

(३) अन्य प्राविधिक मापदण्ड सम्बन्धी व्यवस्था प्राधिकरण तथा केन्द्र बाट तोकिए बमोजिम हुनेछ।

(४) प्राधिकरण तथा केन्द्रले प्राविधिक मापदण्ड लगायतका आवश्यक विवरण यथाशीघ्र तयार गरि लागु गर्नेछ ।

१२. <u>खारेजी र बचाउ:</u>

(१) ग्रीड कनेक्टेड वैकल्पिक विद्युत ऊर्जा विकास सम्बन्धी कार्यविधि, २०७४ खारेज गरिएको छ।

(२) ग्रिड कनेक्टेड वैकल्पिक विद्युत ऊर्जा विकास सम्बन्धी कार्यविधि, २०७४ बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।